# काकाकुल गाउँमा 'सौर्य खानेपानी'

दोलखा (कास)- घरघरमा बत्तीलगायत अन्य कामका लागि प्रयोग गरिँदै आएको सौर्य ऊर्जा खानेपानी आपूर्तिमा पनि प्रयोग गरिन थालेको छ । पिउने पानी अत्यन्तै संकट बेहोरिरहेका काकाकुल दुई गाउँमा 'सौर्य खानेपानी' व्यवस्था हुने भएपछि उपभोक्ताहरू खुसी भएका छन् । बिजुलीको कुनै विकल्प नभएको र पिउने पानीको स्रोत टाढा भएका दोलखाको खारे र बुलुङ गाउँमा यो योजना सञ्चालन गरिएको हो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ऊर्जा सहयोग कार्यक्रमअन्तर्गत रिमरेकद्वारा पानी तानेर गाउँमा आपूर्ति व्यवस्था गर्न लागेको छ ।

कुवाको पानी लिन पनि दुई घन्टा समय लाग्ने खारेका ३९ परिवारका लागि यो योजना लागू गरिएको ग्रामीण ऊर्जा तथा सामुदायिक विकास संघका अध्यक्ष कृष्ण थोकरले बताए । त्यस्तै समस्या भोगिरहेका बुलुङका ४५ परिवारलाई पनि यो आयोजना दिएको छ । एक सयदेखि बढीमा १ सय ५० मिटर उचाइ र ३० देखि ५० घरका लागि मात्र यो प्रविधि उपयुक्त छ । विद्युत् नभएको ठाउँमा कार्यक्रम लागू गर्ने नीतिअनुरूप दुई गाउँमा सौर्य खानेपानी लागू गरेको रिमरेक फिल्ड प्राविधिक पेचकुमार सुनुवारले जानकारी दिए ।

खारे क्सेरी सौर्य खानेपानी उपभोक्ता समिति अध्यक्ष गोकर्ण जोशीले सोलार प्यानलबाट ऊर्जा संकलन गरी मोटरमार्फत तानेको पानी ट्याङकीमा जम्मा गर्ने र बस्तीमा वितरण गर्ने योजनाले पानीको संकट टर्ने आशा राखिएको बताए ।